खण्ड ०३

संख्या ०१

नगर सभाबाट पारित मिति २०७७/१०/३०

भागः- ०१

पचरौता राजपत्र

# पचरौता नगरपालिका स्वास्थ्य सेवा ऐन, २०७७

पचरौता नगरपालिका
बेनौली, बारा
प्रदेश नं. २, नेपाल

# पचरौता नगरपालिका
# बेनौली, बारा
# पचरौता नगरपालिका स्वास्थ्य सेवा ऐन, २०७७

**प्रस्तावनाः**

नेपालको संविधान को धारा ३५ ले नागरिकलाई सुनिश्चित गरेको स्वास्थ्य सम्वन्धी हक कायम गराउदै संविधानको अनुसूचि ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११.२.झ मा उल्लेखित कार्य गरी गराई नगरपालिकाको क्षेत्र भित्र र समग्र देश विकासका लागि लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था अनुकूल स्वास्थ्य सेवाको गुणस्तरीयता र सेवामा सवैको पहुँच कायम गर्न पचरौता नगरपालिकामा स्थापना भएका र स्थापना हुने स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवसयमा व्यापक सुधार गर्दै समयानुकूल उच्च प्रविधियुक्त स्वास्थ्य सेवाको विकास विस्तार गर्न, गराउन वाञ्छनीय भएकाले नेपालको संविधान को धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ अनुसार पचरौता नगरपालिकाको नगर सभावाट पचरौता नगरपालिकाको स्वास्थ्य सेवा ऐन, २०७७ ऐन पारित गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यस ऐनको नाम "पचरौता नगरपालिका स्वास्थ्य सेवा ऐन २०७७" रहेको छ ।

(२) यो ऐन पचरौता  नगरपालिका भर लागु हुनेछ ।

(३) यो ऐन नगर सभा वाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएपछि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा**

(१) "नगरपालिका" भन्नाले पचरौता नगरपालिका सम्झनुपर्छ ।

(२) "नगर सभा" भन्नाले पचरौता नगरपालिकाको नगर सभालाई सम्झनुपर्छ ।

(३) "कार्यपालिका" भन्नाले पचरौता नगरपालिकाको कार्यपालिका सम्झनुपर्छ ।

(४) "प्रमुख" भन्नाले पचरौता नगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(५) "उप प्रमुख" भन्नाले पचरौता नगरपालिकाको नगर उप प्रमुख लाई सम्झनुपर्छ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पचरौता नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(७) "वडा अध्यक्ष" भन्नाले पचरौता नगरपालिकाको वडा अध्यक्ष सम्झनुपर्छ

(८) "कार्यपालिका सदस्य" भन्नाले पचरौता नगरपालिकाको कार्यपालिका सदस्य सम्झनुपर्छ । सो शव्दले नगरपालिकाको प्रमुख, उप प्रमुख, वडा अध्यक्ष समेतलाई वुझाउछ ।

(९) "वडा समिति" भन्नाले पचरौता नगरपालिकाको वडा अध्यक्ष र सदस्य रहेको वडा समितिलाई सम्झनुपर्छ ।

(१०) “शाखा” भन्नाले पचरौता नगरपालिकाको स्वास्थ्य सेवा सम्वन्धी कामकाज गर्न गराउनकोलागि तोकिएको शाखा/उपशाखा/इकाई सम्झनुपर्छ। सो शव्दले अन्य शाखा, उपशाखा, इकाईहरुलाई समेत जनाउछ।

(११) “स्वास्थ्य संस्था” भन्नाले नगरपालिकावाट सञ्चालित र नीजि क्षेत्रवाट सञ्चालित स्वास्थ्य संस्था बुझ्नुपर्छ। सो शब्दले नगरपालिकाकोक्षेत्र भित्र स्वास्थ्य उपचारकोलागि खोलिएका शुल्क लिने र नलिने सवै प्रकारका स्वास्थ्य संस्थाहरु (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्, स्वास्थ्य चौकि, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेवटर, रक्तसञ्चार केन्द्र आदि) समेतलाई वुझाउछ।

(१२) “स्वास्थ्य सेवा व्यावशाय” भन्नाले स्वास्थ्य उपचारकोलागि चाहिने सवै प्रकारका औषधी, औजार, उपकरण लगायत सामाग्रीहरु उत्पादन गर्न उद्योग, ओसार पसार, भण्डारण, विक्रि वितरण गर्ने तथा परामर्श दिने स्वास्थ्य व्यावशाय सम्झनुपर्छ।

(१३) “स्वास्थ्य सेवा प्रमुख” भन्नाले नगरपालिकाको स्वास्थ्य सेवा व्यवस्थित सञ्चालन, व्यवस्थापन, नियमन, निर्देशन, अनुगमन तथ मूल्याङकन गर्न गराउन तथा ऐन बमोजिम तोकिएका कार्य गर्न तोकिएको स्वास्थ्य सेवा शाखा प्रमुख कर्मचारी सम्झनुपर्छ।

(१४) “कर्मचारी” भन्नाले स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्य सेवा प्रविधिक तथा प्रशासनिक कर्मचारी समेतलाई सम्झनुपर्छ। सो शब्दले नगरपालिका र मातहतमा कार्यरत अन्य कर्मचारीलाई समेत जनाउछ।

(१५) “अनुमति” भन्नाले संघीय सरकार वा नगरपालिकालेस्थायी स्वीकृती प्रदान गरी नसकेको कुनै तोकिएको ठाउँमा स्वास्थ्य संस्था वा स्वास्थ्य व्यावशाय खोल्न दिइएको अस्थायी स्वीकृतीलाई जनाउनेछ।

(१६) “स्वीकृती” भन्नाले तोकिए बमोजिमको सर्त पुरा गरेको स्वास्थ्य संस्था वा स्वास्थ्य व्यावशायलाई संघीय सरकार वा नगरपालिकालेदिएको स्थायी स्वीकृतीलाई जनाउँछ।

(१७) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेका नियमावलीमा तोकिएको वा तोकिए बमोजिम भन्ने जनाउछ।

## परिच्छेदः २

## आधारभूत स्वास्थ्य सेवा प्रदायक र व्यवस्थापन सम्बन्धी व्यवस्था

### ३. आधारभूत स्वास्थ्य सेवा प्रदायकहरु :-

स्थानीय स्तरमा आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य सेवा प्रदायकहरु ३ प्रकारका हुनेछन।

(१) सरकारी वा सामुदायिकः सरकारी तथा सामुदायिक स्वामित्वमा संचालन भएका अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य केन्द्र, आयूर्वेद तथा प्राकृतिक चिकित्सा केन्द्र, नगरघर क्लिनिक, रक्तसंचार केन्द्र, आयूर्वेद केन्द्रहरु सरकारी वा सामुदायिक स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(२) निजीः निजी क्षेत्रद्वारा संचालित अस्पताल, नर्सिङ होम, पोलिक्लिनिक वा क्लिनिक, प्रयोगशाला, फार्मेसीहरु निजी स्वास्थ्य सेवा प्रदायक निकाय हुनेछन्।

(३) ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको अधिनस्थः ट्रष्ट वा लोककल्याणकारी संस्थाहरुको मार्फत संचालन हुने अस्पताल, स्वास्थ्य केन्द्र, घुम्ती क्लिनिक यस अन्तर्गत पर्दछ ।

## ४. स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्डः

स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको परिभाषा र आधारभूत मापदण्ड संघीय सरकारले निर्धारण गरे वमोजिम हुने छ ।

## ५. स्वास्थ्य संस्था खोल्न अनुमति लिनु पर्नेः

(१) नेपाली नागरिक, संस्था, निकाय र समुदायले सरकारी, सामुदायिक वा निजि स्वास्थ्य संस्था खोल्न र स्वास्थ्य व्यावशाय सञ्चालन गर्न चाहेमा तोकिएको विवरण खुलाई नगरपालिकामा तोकिएको प्रकृया पुरा गरी अनुमतिकालागि निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर नगरपालिकालेआवश्यक जाँचबुझ गर्ने र जाँचबुझ गर्दा नीजि स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यावशाय सञ्चालन गर्न अनुमति दिन मनासिव देखिएमा तोकिएको सर्त बन्देज पालना गर्ने गरी स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशाय सञ्चालन गर्ने अनुमति नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको निर्णयले र नगरपालिकाले आफै स्वास्थ्य संस्था खोल्न नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सिफारिशको आधारमा कार्यपालिकाको निर्णयले अनुमति दिनेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशायले तोकिएका सर्त बन्देज पालन गरेको देखिएमा नगरपालिका स्वास्थ्य सेवा समन्वय समितिको सिफारिशमा कार्यपालिकाको निर्णयले स्वीकृती प्रदान गर्नेछ ।

(५) नगरपालिकाको स्वमित्वमा रहने वाहेकका अन्य कुनैपनि स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशाय सरकारी वा सार्वजनिक जग्गा भवनमा सञ्चालन गर्न अनुमति दिइने छैन ।

(६) यस ऐन तथा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक वा सर्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशाय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :

(क) कम्पनी वा गुठी सञ्चालन गर्ने सञ्चालक सङगठित संस्थाको रूपमा हुनु पर्ने,

(ख) गुठी सञ्चालन गर्दा सार्वजनिक गुठी भए ट्रष्टमा कम्तीमा ७ (सात) जना सदस्य हुनु पर्ने,

(ग) आयव्ययको लेखा तोकिए बमोजिम खडा गरी मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) सार्वजनिक गुठीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा कार्य गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्नेछन । त्यस्तो उत्तराधिकारी तोक्दा नगरपालिकाको पुर्व स्वीकृती लिनु पर्ने,

(७) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्धेश्यवाट स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशाय सञ्चालन गर्न चाहेमा तोकिएको प्रकृयाबाट स्वीकृती लिई सार्वजनिक गुठी अन्तर्गत स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशाय सञ्चालन गर्नसक्नेछ ।

(८) उपदफा (७) बमोजिम सञ्चालित स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशायले पालना गर्नु पर्ने सर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(९) प्रचलित कानून वमोजिम अनुमती/स्विकृती प्राप्त गरी संञ्चालनमा रहेका हाल पचरौता नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशाय यसै ऐन अनुसार स्थापना भएको मानिनेछ । त्यस्ता संस्थाहरुले यो ऐन जारी भएको मितीले ३ (तिन) महिना भित्र दर्ता नियमित गर्न/गराउन कार्यपालिकामा

तोकिएको ढाँचामा संम्पुर्ण विवरण सहितको निवेदन पेश गर्नु पर्नेछ । तर नेपलको संविधान र प्रचलित कानून वमोजिम नगरपालिकामा समायोजन तथा हस्तान्तरण भई आएका स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशायले दर्ता नियमित लगाएतका कार्य गर्नुपर्ने छैन ।

(१०) स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशाय दर्ता तथा सञ्चालन प्रचलित कानून र तोकिए बमोजिम हुनेछ ।

## ६. अनुमति वा स्वीकृती रद्ध गर्नेः

कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशाय वाट यो ऐन र अन्तर्गत बनेको नियमावली विपरीत अन्य कुनै काम गरेमा नगरपालिकाले त्यस्तो कुनै नीजि स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशायलाई प्रदान गरेको अनुमति वा स्वीकृती नगरपालिकाकोस्वास्थ्य सेवा समन्वय समितिको सिफारिशमा रद्ध गर्नसक्नेछ । तर त्यसरी अनुमति वा स्वीकृती रद्ध गर्नु अघि सफाई पेशगर्ने मौका दिइनेछ । खारेजी उपर चित्त नबुझे न्यायिक समितिमा उजुरी लाग्नेछ ।

## परिच्छेद - ३

## स्वास्थ्य सेवा समन्वय समिति, र नगरपालिकाको स्वास्थ्य सेवा प्रमुख सम्वन्धी व्यवस्था

## ७. स्वास्थ्य सेवा समन्वय समितिः

(१) आफ्नो क्षेत्रभित्रको स्वास्थ्य सेवा र सरसफाई व्यवस्थापन एवं नगरपालिकाले सञ्चालन गर्ने तथा सामुदायिक, गुठी एवं नीजि स्वमित्वमा सञ्चालन हुने सम्पूर्ण स्वास्थ्य संस्था र स्वास्थ्य व्यावशायहरुको रेखदेख, समन्वय र व्यवस्थापन गर्ने कामकालागि देहाय बमोजिमकोस्वास्थ्य सेवा समन्वय समिति रहनेछः

| | |
|---|---|
| (क) नगरपालिकाको प्रमुख | संयोजक |
| (ख) कार्यपालिकाकाले आफुमध्यवाट तोकेको कम्तीमा १ महिला सहित २ जना | सदस्य |
| (ग) नगर सभा सदस्यवाट प्रमुखले तोकेको कम्तीमा १ महिला सहित २ जना | सदस्य |
| (घ) प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिको वैठक आवश्यकता अनुसार वस्नेछ ।

(३) वैठक सञ्चालन विधि प्रकृया समिति आफैले निर्धारण गरे वमोजिम हुनेछ ।

(४) सेवा सुविधा तोकिए वमोजिम हुनेछ ।

## ८. स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य

स्वास्थ्य सेवा समन्वय समितिको काम, कर्तव्य र अधिकार अन्यत्र लेखिएको सहित देहाय बमोजिम हुनेछः

(१) नगरपालिका भित्रको स्वास्थ्य सेवा विस्तार र विकासको योजना तयार गर्ने,

(२) नगरपालिका क्षेत्र भित्र स्वास्थ्य संस्थाहरु तथा स्वास्थ्य सेवा व्यवशायहरु सञ्चालनकालागि अनुमति, स्वीकृती, स्वास्थ्य संस्था सार्ने, गाभ्ने सम्बन्धी निर्णय दिर्ने,

(३) स्वास्थ्य संस्था र स्वास्थ्य कार्यक्रमहरूकालागि आवश्यक आर्थिक अनुदान तथा स्रोतको खोजी गर्ने,

(४) नगरपालिका क्षेत्र भित्र सञ्चालन हुने स्वास्थ्य संस्थाहरु र स्वास्थ्य सेवा व्यावशायहरूलाई गुणस्तरिय, मर्यादित र व्यवस्थित बनाउने,

(५) नगरपालिकावाट स्थापना भएका स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरूमा दरबन्दी, सेवा, सुविधा र सर्तहरु स्वीकृत गर्ने,

(६) स्वास्थ्य संस्था, स्वास्थ्य सेवा व्यावशाय र स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई निर्देशन दिने, जागरुक र सचेत गराउने,

(७) आफ्नो कार्य क्षेत्र भित्रको स्वास्थ्य तथा सरसफाइ योजना तयार गर्ने ।

(८) आफ्नै तथा साझेदारहरुको श्रोत साधन परिचालनद्धारा आधारभुत स्वास्थ्य, प्रजनन स्वास्थ्य, परिवार नियोजन, सुरक्षित मातृत्व, आमा तथा वच्चा सुरक्षा, पोषण आदि कार्यक्रम सञ्चालनको व्यवस्था मिलाउने ।

(८) स्वास्थ्य सेवाको पहुँच भन्दा बाहिर रहेका समुदायको पहिचान गरी सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित हुने प्रवन्ध गर्ने ।

(९) नगर कार्यपालिकालाई स्वास्थ्य तथा सरसफाइ क्षेत्रमा आवश्यक सुझाव र सल्लाह दिने ।

(१०) मानव स्वास्थ्यसँग सम्बन्धित विषयहरुको सम्वोधन गर्ने,

(११) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशायहरूको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।

(१२) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशायसँग आवद्ध कर्मचारीहरूलाई कामका आधारमा आवश्यक प्रोत्साहन, नसिहत र दण्ड गर्ने गराउने ।

(१३) स्वास्थ्य संस्थाहरूको स्वीकृत दरबन्दीमा रिक्त भई करारमा स्वास्थ्य प्रविधिक, कर्मचारी, स्वास्थ्य स्वयमसेवक एवं स्वास्थ्य कार्यकर्ता नियूक्ति गर्नु पर्ने भएमा दफा (१७) को उपदफा (३) वमोजिमको समितिवाट लिईने परीक्षा मार्फत रिक्त रहेको स्वीकृत दरबन्दीमा योग्यताक्रम अनुसार करार नियुक्ति गर्ने व्यवस्था मिलाउने ।

(१४) स्वास्थ्य सेवाको गुणस्तर कायम गराउने ।

(१५) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यावशायहरुले दिने सेवाहरुको गुणस्तरको आधारमा सेवा शुल्क निर्धारण गर्ने स्विकृती दिने ।

(१६) गुनासा, उजुरी, सुन्ने, सम्वोधन गर्ने

(१७) अन्य तोकिए वमोजिमका कार्यहरू गर्ने ।

**९. नगरपालिकाको स्वास्थ्य सेवा शाखा प्रमुखः**

(१) नगरपालिकामा संघीय सरकारले तोके वमोजिमको नगरपालिकामा स्वास्थ्य सेवा शाखा हेर्ने एकजना स्वास्थ्य सेवा शाखा प्रमुख सहित शाखामा अन्य २ जना स्वास्थ्य सेवाका कर्मचारी रहनेछ ।

(२) अको व्यवस्था नभए सम्म प्रमुखाको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले तकेको स्वस्थ्य सेवा संग सम्वन्धित कर्मचारी नगरपालिकामा स्वास्थ्य सेवा शाखा प्रमुख हुनेछन्।

(३) कर्मचारी समायोजन पश्चात संघीय मामीला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको नगरपालिका कार्यालयको दरबन्दी तेरिज अनुसार स्वास्थ्य सेवाको विभिन्न सेवा समुह तथा पदको ३ जना कर्मचारी हुनेछ ।

(४) स्वास्थ्य सेवा शाखा प्रमुखको काम, कर्तव्य र अधिकार अन्यत्र उल्लेख भएको सहित देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य सेवा सम्बन्धी स्थानीय योजना निर्माण गर्ने ।

(ख) कार्यपालिका तथा नगर सभाबाट पारित ऐन कानून, नीति नियम कार्यान्वयन गर्न, गराउन कृयशिल रहने ।

(ग) नगरपालिकाको स्वास्थ्य सेवा संग सम्वन्धित कार्यक्रम कार्यान्वयन गर्ने गराउने ।

(घ) स्वास्थ्य संस्था तथा स्वास्थ्य व्यवशायको तथ्याङ्क अद्यावधिक गरी गराई कार्यपालिका, प्रदेश तथा केन्द्रीय निकायमा नियमित रुपमा पठाउने, अद्यावधिक गर्ने गराउने,

(ङ) स्वास्थ्य संस्था सञ्चालन तथा कार्यक्रम कार्यान्वयनकालागि श्रोतको पहिचान संकलन र उपलव्ध स्रोतको यथोचित बाँडफाँड गर्ने गराउने,

(च) नगरपालिका क्षेत्रभित्रका स्वास्थ्य संस्था नक्साङ्कन गरी सोको आधारमा स्वास्थ्य संस्था खोल्न तथा स्वास्थ्य व्यवशाय सञ्चालन गर्न अनुमति प्रदान गर्न, सेवा विस्तार एवं थप गर्न कार्य योजना वनाई पेश गर्ने र स्विकृत भएपछि कार्यान्वयन गर्ने गराउने ।

(छ) स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको व्यवस्थापन गर्ने, स्वास्थ्य संस्थामा कर्मचारीको पदस्थापन, सम्बन्धी कार्य गर्ने

(ज) स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको विदाको अभिलेख अद्यावधिक गर्ने, विदाहरू स्वीकृत गर्ने,

(झ) स्वास्थ्य सेवाको गुणस्तर बढाउन स्वास्थ्य संस्था, व्यवस्थापन समिति, तथा अन्य सरोकारवालाहरूको नियमित रुपमा बैठक, गोष्ठी वा तालिमको व्यवस्था गर्ने,

(ञ) नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिको सचिवालयको रुपमा कार्य सम्पादन गर्ने, गराउने

(ट) स्वास्थ्य सेवा संग सम्बन्धीत तथा आफ्नो पदिय कार्य गर्दा कार्यपालिका, नगर सभा एवं प्रमुख प्रशासकीय अधिकृतको सुपरीवेक्षण तथा निर्देशनको अधीनमा रही कार्य सम्पादन गर्ने,

### परिच्छेद -४

### स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति सम्वन्धी व्यवस्था

**१०. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिः**

(१) नगरपालिकाको स्वास्थ्य संस्थाको सञ्चालन, व्यवस्थापन र रेखदेख गर्नकालागि प्रत्येक स्वास्थ्य संस्थामा देहाय बमोजिमका सदस्यहरू रहेको एक स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

**(क) प्राथमिक स्वास्थ्य केन्द्र**

| | |
|---|---|
| १) नगरपालिकाको प्रमुख | संरक्षक |
| २) सम्वन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| ३) अध्यक्षले मनोनित गरेको व्यक्ती | उपाध्यक्ष |
| ४) संरक्षकले तोकेका प्राथमिक स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना | सदस्य |
| ५) संरक्षकले तोकेको स्थानीय व्यापार संघको प्रतिनिधी एक जना | सदस्य |
| ६) संरक्षकवाट मनोनित स्थानीय लव्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला | सदस्य |
| ७) संरक्षकवाट मनोनित वडा कार्यालय अधिकृत वा सामाजिक विकास समिति प्रतिनिधि एक जना | सदस्य |
| ८) प्राथमिक स्वास्थ्य केन्द्र प्रमुख | सदस्य सचिव |

**(ख) स्वास्थ्य चौकी स्ञ्चालन तथा व्यवस्थापन समिति/आधाभुत स्वास्थ्य सेवा केन्द्र संचालन तथा व्यवस्थापन समिती**

| | |
|---|---|
| १) नगरपालिकाको प्रमुख | संरक्षक |
| २) सम्वन्धित वडाको वडा अध्यक्ष | अध्यक्ष |
| ३) अध्यक्षले मनोनित गरेको व्यक्ती | उपाध्यक्ष |
| ४) संरक्षकले तोकेको स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख एक जना | सदस्य |
| ५) संरक्षकले तोकेकास्थानीय व्यापार संघको प्रतिनिधी एक जना | सदस्य |
| ६) संरक्षकवाट मनोनित स्थानीय लव्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार एक जना महिला | सदस्य |
| ७) संरक्षकवाट मनोनित वडा कार्यालय अधिकृत वा सामाजिक विकास समिति प्रतिनिधि एक जना | सदस्य |
| ८) स्वास्थ्य चौकी प्रमुख | सदस्य सचिव |

**(ग) सार्वजनिक गुठी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति**

| | |
|---|---|
| १) सञ्चालकहरु मध्यवाट चुनिएको | अध्यक्ष |
| २) सम्वन्धित वडाको समितिले तोकेको वडा अध्यक्ष वा सदस्य १ जना | सदस्य |
| ३) नगर स्वास्थ्य सेवा समन्वय समितिले तोकेको १ जना | सदस्य |
| ४) स्वास्थ्य चौकी रहेको क्षेत्रको विद्यालयको प्रमुख मध्य प्रमुखले मनेनित गरेको एक जना | सदस्य |
| ५) स्थानीय लव्ध प्रतिष्ठित स्वास्थ्य क्षेत्रका जानकार कम्तीमा एक महिला दुई जना | सदस्य |
| ६) सञ्चालकहरु मध्य वढीमा ४ जना (स्वास्थ्य प्रविधिक, प्रशासनिक क्षेत्र सहित) | सदस्य |
| ७) सम्वन्धित स्वास्थ्य संस्थाको प्रमुख प्रशासक | सदस्य सचिव |

**(घ) निजी स्वास्थ्य संस्था (अस्पताल, नर्सिङ होम जस्ता २० भन्दा वढी स्वास्थ्यकर्मी तथा कर्मचारी हुने) सञ्चालन तथा व्यवस्थापन समिति**

(१) सम्वन्धित संस्थाले तोके वमोजिम वढीमा ९ जना सम्मको हुनेछ ।

(२) अध्यक्ष सञ्चालक मध्य र सदस्य सचिव प्रमुख प्रशासक हुनेछ ।

(३) सम्वन्धित वडा अध्यक्ष र नगर स्वास्थ्य सेवा समन्वय समितिको प्रतिनिधी पदेन सदस्य हुनेछ ।

(४) स्थानीय समाज सेबी मध्य कम्तीमा एक जना समितिले मनेनित गर्नेछ ।

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको कार्यकाल पाँच वर्षको हुनेछ ।

(३) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन गरी बहालवाला व्यवस्थापन समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ । यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन स्वास्थ्य सेवा समन्वय समितिको सिफरिसमा कार्यपालिकाले गर्नेछ ।

(४) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**११. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः**

(१) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा कार्यक्रम सञ्चालनकोलागि श्रोत साधनको पहिचान संकलन तथा प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) नगरपालिकाको नीति निर्देशन अनुसार स्वास्थ्य संस्था सञ्चालन गराउने,

(ङ) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकाले जारी गरेका र प्रचलित कानून वमोजिम तोकिए अनुसार एवं कार्यपालिका र स्वास्थ्य सेवा समन्वय समितिले दिएका निर्देशनहरूको पालना गर्ने,

(च) स्वास्थ्य संस्थामा सवैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(छ) आफ्नो स्वास्थ्य संस्थाको वार्षिक योजना बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ज) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, स्वास्थ्य संस्थामा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(झ) सम्बन्धित स्वास्थ्य संस्थाका कर्मचारीको प्रभावकारी परिचालनको लागि सहजिकरण गर्ने ।

(ञ) स्वास्थ्य घुम्ति शिविरहरु राख्न सम्बन्धित निकायहरुमा समन्वय गर्ने तथा व्यवस्थापन गर्ने ।

(ट) केन्द्र, प्रदेश र नगरपालिकाले चलाएका स्वास्थ्य सम्बन्धि कार्यक्रम तथा अभियानहरुलाई सफल पार्न आवश्यक कार्य गर्ने ।

(ठ) दिइएको सेवा र गुणस्तर वारे वर्षको दुइ पटक सार्वजनिक परिक्षण गराउने तथा सोको प्रतिवेदन अनुसार तत्काल आवश्यक कार्यवाही गर्ने र त्यसको प्रतिवेदन नगरपालिकाकोस्वास्थ्य सेवा समन्वय समितिमा पेश गर्ने,

(२) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) कुनै पनि व्यक्ति एक भन्दा बढी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिमा रहन सक्ने छैन । तर पदेनको हकमा यो लागु हुनेछैन ।

**१२. स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन गर्न सकिने:**

(१) कुनै पनि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको भनी नगरपालिकाकोस्वास्थ्य सेवा समन्वय समितिले कारण सहित कार्यपालिकामा सिफारिश गरेमा सोको कारण खुलाई कार्यपालिकाले तोकिएको प्रक्रिया पुरा गराई स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई विघटन गर्नसक्नेछ । तर यसरी विघटन गर्नु अघि स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिइनेछ ।

(२) उपदफा (१) बमोजिम स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति विघटन भएपछि अर्को समिति गठन नभए सम्म वा अन्य कुनै कारणले समिति गठन नभए सम्म कार्यपालिकाले तोके वमोजिम हुनेछ ।

**१३. स्वास्थ्य संस्था सञ्चालन कार्यविधि:**

(१) यस ऐन तथ प्रचलित कानूनको अधीनमा रही प्रत्येक स्वास्थ्य संस्थाले आफ्नो लक्ष्य, मूल्य, मान्यता, सञ्चालन प्रक्रिया, सेवा लिन आउने नागरिकले पाउने सेवाको विवरण लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेस गरिएको कार्यविधि पारित गराई स्वास्थ्य सेवा समन्वय समितिको स्विकृतीमा लागु गर्नु पर्नेछ ।

(२) कार्यविधि अनुसार स्वास्थ्य संस्था सञ्चालन गर्न सहयोग पुऱ्याउनु स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समिति तथा अन्य सबैको कर्तव्य हुनेछ ।

(३) कार्यविधिको पारित भएको मितिबाट १ महिना भित्र कार्यपालिका पेश गरी स्विकृती लिनु पर्नेछ ।

**१४. नीजि संगठित, सामुदायीक तथा गुठी स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायहरुले पालना गर्नुपर्ने**

(१) कुनैपनि स्वास्थ्य संस्था वा स्वास्थ्य सेवा व्यवशाय सञ्चालन अनुमती/स्विकृती लिएर मात्र सञ्चालन गर्नुपर्नेछ। (२) अनुमती/स्विकृती लिदा तोकिएको मापदण्ड पुरा गरेको हुनु पर्नेछ।

(३) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने, चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने तथा आवधिक रुपमा नगरपालिकामा वार्षिक प्रतिवेदन र लेखा प्रतिवेदन पेश गर्नु पर्नेछ।

(४) कार्यरत स्वास्थ्यकर्मी तथा कर्मचारीहरुलाई नगरपालिकावाट स्विकृत भए बमोजिमको न्यूनतम तलब स्केलमा नघटाई सेवा सुविधाको व्यवस्था गर्ने गराउने।

(५) संघीय सरकार, प्रदेश सरकार तथा नगरपालिकावाट जारी ऐन, नियमावली तथा अन्य प्रचलित कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त स्वास्थ्य सेवा समन्वय समितिको निर्देशन पालना गर्ने।

(६) स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका अन्य काम, कर्तव्य अधिकार सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

## परिच्छेद ५

## स्वास्थ्यकर्मी तथा स्वयमसेवा सम्बन्धी व्यवस्था

**१५. स्वास्थ्यकर्मीको व्यवस्थापनः नगरपालिकाभित्रका सामुदायीक स्वास्थ्य संस्थाहरु मार्फत आधारभुत स्वास्थ्य सेवा प्रवाहकालागी ४ प्रकारका स्वास्थ्यकर्मी रहनेछनः**

(१) स्थायीः दरबन्दी वमोजिम नेपाल सरकारको स्वास्थ्य सेवाबाट समायोजन भई आएका तथा संघीय तथा प्रदेश सेवा आयोगवाट सिफारिश भई आएकास्वास्थ्यकर्मीहरु

(२) करारः दरबन्दी बमोजिमका पदहरुमा अप दफा १ वमोजिम नआउदाको रिक्त पदमा, तोकिएका करार पदहरुमा र स्थानीय आवश्यकताका आधारमा निश्चित अवधीकोलागी नगरपालिकावाट करार सेवामा भर्ना गरिएका स्वास्थ्यकर्मीहरु

(३) अभ्यासकर्ताः स्थानीय स्तरमा खुलेका स्वास्थ्य अध्ययन संस्थानमा अध्ययनरत विद्यार्थीहरु एवं नगरपालिकाको आंशिक वा पूर्ण छात्रवृत्तिमा अन्यत्र गई स्वास्थ्य शिक्षा अध्ययन गरेका विद्यार्थीहरुलाई अभ्यासकर्ता स्वास्थ्यकर्मीको रुपमा नगरपालिकाले भर्ना गर्न सक्ने छ। यस्ता अभ्यासकर्तालाई वढीमा १ वर्षको लागि भर्ना गर्न सकिने छ।

(४) स्वास्थ्य अभियानकर्ता र स्वयंसेविका स्वास्थ्य सेवालाई घरघरको पहुँचमा पुर्‍याउन र जनचेतना फैलाउन हाल सम्म कार्यरत तथा नगरपालिकाले आवश्यकताका आधारमा नियूक्त गरी तोकिए वमोजिम पुरुष स्वास्थ्य अभियानकर्ता र महिला स्वास्थ्य स्वयंसेविकाहरु

## १६. स्वास्थ्यकर्मीको सेवा सुविधाः

(१) स्थायी स्वास्थ्यकर्मीः नेपाल सररकारले तोकेको स्केल वमोजिम तलव र स्थानीय नगर/नगर कार्यपालिकाले तोके वमोजिमको अन्य सेवा सुविधा

(२) करार स्वास्थ्यकर्मीः प्रचलित तलब स्केल र दुई पक्षबीचको समभ्रदारीमा भएको करार सम्भ्रौता बमोजिमको सेवा सुविधा उपलब्ध गराउन सकिनेछ ।

(३) अभ्यासकर्ता स्वास्थ्यकर्मी : निर्वाह भत्ताको रुपमा कार्यपालिकाले तोके अनुसारको सुविधा उपलब्ध गराउन सकिने छ ।

(४) अभियानकर्ता/स्वयंसेविका : पोशाक, वार्षिक रुपमा सञ्चार खर्च, स्वास्थ्य संस्थालाई आवश्यकता परेको वखत काममा खटाइएमा सो दिनको पारिश्रमिक, स्वास्थ्य सेवा सम्बन्धी अभियानमा खटाईएको समयमा दिइने पारिश्रमिक जस्ता सुविधाहरु उपलब्ध गराउन सकिनेछ ।

## १७. स्वास्थ्यकर्मीको दरवन्दी निर्धारण र नियूक्तिः

(१) सामुदायीक वा सरकारी स्वामित्वका स्वास्थ्य संस्थाहरुमा आवश्यक स्वास्थ्यकर्मीको दरवन्दी प्रचलित कानून र अभ्यासका आधारमा नगरकार्यपालिकाले निर्धारण गर्ने छ ।

(२) दरवन्दी अनुसारका पदहरुमा नेपाल सरकारबाट समायोजन भई आएका स्थायी स्वास्थ्यकर्मीहरु रहने छन । समायोजनमा नआई रिक्त रहेको पदहरुमा अर्को व्यवस्था नभए सम्मकोलागी नगरपालिकाले करारमा स्वास्थ्यकर्मी नियुक्ति गर्न सक्ने छ ।

(३) स्वास्थ्य संस्थामा कायम भएको रिक्त दरवन्दी पदमा करार नियुक्ति गर्नु पर्ने भएमा यस नगरपालिकाको प्राबिधिक कर्मचारी सिफारीस तथा छनौट सम्बन्धी कार्यबिधि २०७५ अनुसार हुनेछ ।

(४) छनोट समितिले आफ्नो कार्यविधि प्रचलित कानून तथा अभ्यासका आधारमा आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

## १८. स्वास्थ्य संस्था प्रमुखको व्यवस्था

(१) प्रत्येक स्वास्थ्य संस्थामा एक जना प्रमुखको व्यवस्था रहनेछ ।

(२) पदको आधारमा पदिय तहगत प्रणाली अनुसार जेष्ठता र वरिष्ठताको आधारमा स्वास्थ्य चौकी प्रमुख हुनेछ र स्वास्थ्य चौकी प्रमुखले सबै कर्मचारीलाई पद अनुसार जिम्मेवारी दिई काममा लगाइनेछ ।

(३) स्वास्थ्य संस्थाका सवै कर्मचारी प्रमुख प्रशासकीय अधिकृतकाको नियन्त्रणमा नगरपालिकाको निर्णय र नगर प्रमुखको निर्देशन प्रति जवाफदेही हुनेछन ।

## १९. कार्यसम्पादन करार सम्भ्रौता गर्नुपर्नेः

स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन देहाय अनुसार कार्यसम्पादन करार सम्भ्रौताको प्रकृया अवलम्बन गर्नुपर्नेछ ।

(१) नगरपालिका प्रमुखको रोहवरमा प्रमुख प्रशासकीय अधिकृतले स्वास्थ्य तथा सरसफाई शाखा हेर्ने अधिकृत/कर्मचारीसँग, उक्त अधिकृतले स्वास्थ्य संस्थाका प्रमुखहरुसँग र प्रमुखले अन्य कर्मचारीहरुसँग कार्य सम्पादन करार सम्झौता गर्नुपर्ने छ ।

(२) कार्य सम्पादन करार सम्झौता १ वर्षको हुने छ । करार सम्झौता अनुसार काम भए नभएको मूल्यांकन प्रमुख प्रशासकीय अधिकृतले आर्थिक वर्षको अन्त्यमा तयार गरी प्रमुख मार्फत कार्यपालिका समक्ष पेश गर्नुपर्ने छ ।

(३) वार्षिक कार्यसम्पादन करारका सूचकहरु निर्धारण गर्ने कार्यस्वास्थ्य सेवा समन्वय समितिले तयार पारी नगरकार्यपालिकामा पेश गर्नु पर्नेछ ।

## २०. कार्य सम्पादन मूल्यांकन र सजाय तथा पुरस्कार

(१) कार्यसम्पादन करार भएका कर्मचारीहरुको कार्यसम्पादन क्षमताको आधारमा मूल्याङ्कन गरी कार्यसम्पादनमा राम्रो नतिजा हासिल गर्ने कर्मचारीलाई पुरस्कृत गर्ने र कमजोर नतिजा हासिल गर्ने कर्मचारीलाई दण्डित गर्नु पर्दछ ।

(२) कार्यसम्पादन सम्झौताको मूल्याङ्कन, पुरस्कार र सजाय तोकिए बमोजिम हुनेछ ।

# परिच्छेद -६

# कोष तथा शुल्क सम्वन्धी व्यवस्था

## २१. स्वास्थ्य सेवा विकास कोषः

(१) स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउन तथा त्यस्ता संस्थामा गुणस्तर अभिवृद्धि गर्न नगरपालिकामा एउटा स्वास्थ्य सेवा विकास कोष रहनेछ । कोषको सञ्चालन तोकिए वमोजिम हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्:

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) नगरपालिकाको विवियोजन कोष रकम,

(घ) नीजि स्वास्थ्य संस्थाबाट प्राप्त तोकिए बमोजिमको रकम,

(ङ) चन्दाबाट प्राप्त रकम,

(च) अन्य स्रोतबाट प्राप्त रकम ।

## २२. स्वास्थ्य संस्था कोषः

(१) प्रत्येक स्वास्थ्य संस्थामा एउटा कोष रहनेछ, जसमा देहाय बमोजिमका स्रोतबाट प्राप्त रकम सो कोषमा दाखिला हुनेछ, :

(क) नेपाल सरकार, प्रदेश सरकार र नगरपालिकाबाट प्राप्त अनुदान रकम,

(ख) नगर कार्यपालिकाको स्वास्थ्य कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम,

(ङ) अन्यस्रोतबाट प्राप्त रकम, (२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सार्वजनिक परीक्षण तोकिए बमोजिम हुनेछ ।

## २३. शुल्क सम्वन्धी व्यवस्थाः

(१) नेपाल सरकारले निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्थाबाट कुनै पनि किसिमको शुल्क लिन पाईने छैन । (२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कसैले आफ्नो इच्छाले दिएको दान, उपहार, चन्दा वा सहयोग स्वास्थ्य संस्थाले लिन सक्नेछ ।

(३) नगरपालिकाको स्वामित्व भएका स्वास्थ्य संस्थावाट निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नकालागि नगरपालिकालेआवश्यक स्रोतको व्यवस्था गर्नेछ ।

(४) उपदफा (१) मा जुनसुकौ कुरा लेखिएतापनि निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्नकालागि तोकिएको वाहेकका सेवा दिन नगरपालिकालेआफ्नो पहलमा थप सेवा दिदा श्रोत र सामर्थ्य नपुगी सेवा तथा वस्तु खरिद, उपयोग, सञ्चालन व्यवस्थापनकालागि आवश्यक शुल्क निर्धारण गरी लार्गु गर्न गराउन सक्नेछ ।

(५) उपदफा (१) बमोजिम निःशुल्क स्वास्थ्य घोषणा गरेको स्वास्थ्य संस्था बाहेक अन्य स्वास्थ्य संस्थामा सेवा र गुणस्तरको आधारमा शुल्क निर्धारण गरी नगरपालिकाकोस्विकृतीमा लागु गरिनेछ ।

(६) विरामी तथा सेवाग्रहीसँग लिने शुल्क नगरपालिकाबाट स्वीकृत गराई निर्धारण गर्नु पर्नेछ । त्यसरी शुल्क निर्धारण सम्बन्धमा स्वीकृती दिंदा उपलब्ध गराएको सुविधाको आधारमा दिइनेछ ।

(७) यस ऐन विपरीत शुल्क लिने स्वास्थ्य संस्थालाई लिएको शुल्कको प्रकृति हेरी पहिलो पटकमा दश हजार रूपैयाँ देखी एकलाख रुपैयाँसम्म जरिवाना र दोहोरिदै गएमा प्रत्येक पटक दोब्बर जरिवाना गर्नसक्नेछ ।

## २४. नीजि स्वास्थ्य संस्थाले निशुल्क उपचारको व्यवस्था व्यवस्था गर्नु पर्नेः

(१) नीजि स्वास्थ्य संस्था (नीजि लगानी रहेका अस्पताल, क्लिनिक, नर्सिङ्गहोम, बैद्यखाना, सुधारकेन्द्र, अनुसन्धान केन्द्र/डाइग्नोसिस सेवटर, रक्तसञ्चार केन्द्र आदि) हरूले कुल सेवामा कम्तीमा १० प्रतिशतमा नघट्ने गरी आर्थिक रुपमा विपन्न, अपाङ्ग, महिला, आदिवासी, जनजाति मधेसी, मुस्लिम दलित वा अल्पसंख्यकहरुलाई निशुल्क सेवा उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको दिइने सेवामा नगरपालिकाको स्वास्थ्य सेवा समन्वय समितिले आधार सहित सेवाकोलागि सिफारीस गर्नसक्नेछ । उक्त सिफरिसलाई प्राथमिकतामा राखेर सेवा दिनु सम्वन्धित संस्थाको कर्तव्य हुनेछ ।

(३) उपदफा (१) बमोजिमको दिइएको सेवाको आधार सहितको विवरण नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम नगरपालिकामा पेश भएको विवरणमा अन्यथा देखिएमा पुनरावलोकन गर्न स्वास्थ्य सेवा समन्वय समितिले सम्वन्धित संस्थालाई निर्देशन दिन सक्नेछ । उक्त निर्देशन संवन्धित संस्थाले पालना गर्नु पर्नेछ ।

## २५. स्वास्थ्य संस्थाको सम्पत्तिः

(१) नगरपालिकाको स्वमित्वमा आएको र आउने स्वास्थ्य संस्थाको नाममा रहेको चल अचल सम्पत्ति नगरपालिकाको सम्पत्ति हुनेछ । नगरपालिकाले प्रयोगमा आउने वाहेक अन्य सम्पती प्रचलित कानून बमोजिम बेचबिखन गरी प्राप्त भएको रकम नगरपालिकाको स्वास्थ्य सेवा विकास कोषमा जम्मा गर्नेछ ।

(२) सार्वजनिक गुठी अन्तर्गत सञ्चालित संस्थाको सम्पत्ति सोही गुठीको नाममा रहनेछ । कुनै स्वास्थ्य संस्था सार्वजनिक गुठीको रुपमा सञ्चालन गरिएकोमा त्यस्तो संस्थाको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरुप परिवर्तन गर्न पाइने छैन ।

(३) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुको सम्पत्ति संवन्धित व्यक्ती वा निकायको स्वमित्वमा रहनेछ ।

(४) नीजि (नीजि, साझेदारी तथा नीजि, साझेदारी कम्पनि) स्वमित्वमा सञ्चालित संस्थाहरुले कुनै व्यक्ति वा संघ संस्थासँग दानदातव्यको रुपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि नगरपालिकाको पुर्व स्वीकृती लिनु पर्नेछ । तर विदेशी व्यक्ति वा संघसंस्थावाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्न नगरपालिकाको सिफारीसमा संघीय सरकारवाट पुर्व स्वीकृती लिनु पर्नेछ ।

(५) संघीय सरकारको स्वीकृतीमा प्राप्त गरेको सम्पत्ति संघीय सरकारको स्वीकृती बेगर र नगरपालिकाको स्वीकृतीमा प्राप्त गरेको सम्पत्ति नगरपालिकाको स्वीकृती बेगर बेचविखन तथा अन्यथा गर्न पाइने छैन ।

## २६. छुट र सुविधाः

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थाको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन ।

(२) उपदफा (१) मा लेखिएको वाहेक अन्य स्वास्थ्यको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले तोके बमोजिमको आधारमा रजिष्ट्रेशन दस्तुर लाग्नेछ ।

(३) सरकारी, सामुदायिक र सार्वजनिक गुठीको रुपमा सञ्चालित स्वास्थ्य संस्थालाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद -७

## दरवन्दी मिलान, नियुक्ति र सरुवा सम्वन्धी व्यवस्था

### २७. अन्य काममा लगाउन नहुनेः

(१) चिकित्सक, चिकित्सा सहायक एवं सहयोगी तथा सो संग सम्वन्धित प्राविधिक कर्मचारीलाई अन्य काममा लगाउन हुँदैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि स्वास्थ्य सेवामा बाधा नपर्ने गरी संघीय, प्रदेश सरकार वा नगरपालिकालेतोकेको अन्य कुनै काममा खटाउन सकिनेछ ।

### २८. नियुक्ति, बढुवा र सरुवाः

(१) स्वास्थ्य संस्थामा रिक्त करार, स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्ताको नियुक्तिको व्यवस्था कार्यपालिकाको निर्णय अनुसार दफा (१७) को उपदफा (३) वमोजिमको करार कर्मचारी छनोट समितिले गर्नेछ ।

(२) उपदफा (१) अनुसार नियूक्त हुनेको योग्यता र सेवा सर्त सुविधा प्रचलित कानूनमा तोकिए बमोजिम हुनेछ ।

(३) अन्यत्र जेसुकै लेखिएतापनि आफ्नो क्षमता र कामका आधारमा कार्यपालिकाले तयार गरेको सेव सुविधा र सर्तहरु करारमा उल्लेख गरी करार कर्मचारी नियूक्ति गर्न सकिनेछ ।,

(४) नगरपालिकाको भित्र सरुवाकालागि निवेदन दिने स्थायी, अस्थायी, करारमा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताको सरुवा तथा पदस्थापन सरुवा भएर जांदा र आउदा सेवग्राहिले पाउनु पर्ने सेवामा बाधा नपर्ने गरी तोकिए बमोजिमको प्रक्रिया अपनाई प्रमुखको परामर्शमा प्रमुख प्रशासकीय अधिकृतले सरुवा गर्नसक्नेछ ।

(५) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि आवश्यकता र औचित्यको आधारमा नगरपालिकाको प्रमुखको निर्देशनमा प्रमुख प्रशासकीय अधिकृतले नगरपालिकाकोक्षेत्र भित्र सरुवा गर्नसक्नेछ ।

(६) समायोजन भएर आएका तथा सेवा आयोगबाट सफल भई सिफारिश भएका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई प्रमुख प्रशासकीय अधिकृतले विषय मिल्ने गरी स्थायी नियुक्ति दिई काममा लगाउनु पर्नेछ । (७) बढुवा सम्वन्धि व्यवस्था प्रचलित कानून बमोजिमको हुनेछ ।

### २९. तलबभत्ता नपाउने र सेवा अवधी गणना नहुनेः

नियमानुसार बिदा स्वीकृत गराई बसेको अवस्था र दफा १९. को उपदफा (२) वमोजिम बाहेक आफु कार्यरत रहेको स्वास्थ्य संस्थमामा अनुपस्थित रहेका र बेतलवी बिदामा रहेका स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकताले अनुपस्थित अवधीको तलब भत्ता तथा अन्य सुविधा पाउने छैन र सो अवधी सेवामा गणना समेत हुनेछैन ।

## ३०. स्थायी आवासीय अनुमति लिन नहुनेः

नगरपालिकाको स्वामित्व रहेको स्वास्थ्य संस्थामा कार्यरत कुनै स्वास्थ्यकर्मी तथा कर्मचारीले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नकोलागि आवेदन दिन हुँदैन । स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिएका स्वास्थ्यकर्मी तथा कर्मचारीलाई सेवावाट वर्खास्त/खारेज गरी थप दण्ड तथा सजाय तोकिए बमोजिम हुनेछ ।

## ३१. पदीय आचरण तथा अन्य व्यवस्थाः

(१) देहायका अवस्थामा स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मी, कर्मचारी तथा स्वास्थ्य कार्यकर्तालाई पदबाट हटाउन नगरपालिकाकोस्वास्थ्य सेवा समन्वय समितिले कार्यपालिका समक्ष सिफारिश गर्नेछ । सो उपर अनुगमन प्रतिवेदनका आधारमा कार्यपालिकाले सेवाबाट बर्खास्त गर्नसक्नेछ ।

(क) तोकिए बमोजिम पदीय दायित्व पुरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय तोकिएको स्वास्थ्य संस्थामा अनुपस्थित भएमा,

(ग) स्वास्थ्य संस्थामा मादक पदार्थ सेवन गरी आएको कुरा प्रमाणित भएमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा,

(ङ) कार्यालय समयमा अन्यत्र सेवा वा अन्य व्यवसायीक क्रियाकलाप गरेमा,

(च) राजनैतिक दलको कार्यकारिणी समितिमा रहेको पाइएमा,

(छ) व्यवसायिक हकहितका नाममा सूक्ष्म रुपमा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा ।

**स्पष्टीकरणः** यस खण्डको प्रयोजनकालागि कार्यकारिणी समिति भन्नाले राजनैतिक दलको विधान बमोजिमगठित केन्द्रीयस्तर, प्रदेशस्तर, जिल्लास्तर वा स्थानीय स्तरका कार्यकारिणी समिति सम्झनु पर्दछ ।

(२) उपदफा (१) बमोजिम वा अन्य माध्यमले कुनै स्वास्थ्यकर्मी वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने कारणको आवश्यक प्रमाण प्राप्त भएमा नगरपालिकालेनिजलाई पदबाट हटाउन सक्नेछ, तर कार्यरत पदबाट हटाउनु अघि मनासिव माफिकको स्पष्टीकरणको मौका प्रदान गरिनेछ ।

## ३२. अदालतको आदेशबाट पुनः बहाली हुन सक्नेः

(१) दफा (२३) मा उल्लेख भएका कुनै आरोप वा अन्य कुनै आरोपमा सजाय भै नोकरीबाट हटाइएको वा बर्खास्त भएको स्वास्थ्यकर्मी, कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पुनः बहाली भएको स्वास्थ्यकर्मी, वा कर्मचारीले नोकरीबाट हटेको दिनदेखि पुनःबहाली भएको मितिसम्मको पुरा तलब ,भत्ता, तलब बृद्धि तथा अन्य सुविधा पाउने भए सो समेत पाउनेछ ।

## परिच्छेदः ८

## औषधी तथा स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण सम्बन्धी व्यवस्था

### ३३. वार्षिक खरिद योजना बनाउनु पर्नेः

(१) आफ्नो क्षेत्रभित्र वार्षिक रुपमा आवश्यक पर्ने औषधी तथा स्वास्थ्य उपकरणको अनुमान र खरिद गर्न वार्षिक खरिद योजना बनाई नीतिगत निर्णय खरिद तथा मुल्याङ्कन समिती बाट स्वीकृत गराउनु पर्नेछ ।

(२) वार्षिक खरिद योजना स्वास्थ्य तथा सरसफाई शाखाको सहयोगमा खरिद एकाईले तयार गर्नेछ ।

### ३४. औषधी तथा स्वास्थ्य उपकरण खरिद

(१) औषधी तथा स्वास्थ्य उपकरणको खरिदका लागि नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले प्रक्रिया अघि वढाउने छ ।

(२) औषधी तथा स्वास्थ्य उपकरणको खरिद कार्यमा सार्वजनिक खरिद ऐन र विषयगत स्थानीय कानुनहरुको प्रावधान अनुसार गर्नुपर्ने छ ।

### ३५. औषधी तथा स्वास्थ्य उपकरणको भण्डारण

(१) खरिद गरिएको औषधी तथा स्वास्थ्य उपकरणको सुरक्षित भण्डारणको व्यवस्था नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले मिलाउने छ ।

(२) स्वास्थ्य उपकरण र औषधीको खरिद चौमासिक रुपमा गर्नुपर्ने छ । खरिदको परिमाण निर्धारण सम्वन्धित वडा समितिले माग गरे वमोजिम २०% मा नवढाइकन गर्नुपर्ने छ ।

(३) नगरपालिकाले खरिद गरेको उपकरण र औषधीको कुल परिमाण र मूल्य खरिद मितिको १ हप्ताभित्र सार्वजनिक गर्ने व्यवस्था मिलाइनेछ ।

(४) सम्वन्धित सामुदायकि स्वास्थ्य संस्थाले नगरपालिकाबाट प्राप्त गरेको उपकरण र औषधी तथा औषधी वितरण सम्वन्धी विस्तृत विवरण चौमासिक रुपमा सार्वजनिक गर्ने र सम्वन्धित वडा समिति मार्फत नगरपालिकामा बुझाउनु पर्नेछ ।

## परिच्छेद ९

## स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर, सामाजिक सुरक्षा अनुगमन सम्बन्धी व्यवस्था

### ३६. स्वास्थ्य सेवाको न्यूनतम मूल्य र गुणस्तर तोक्न सक्ने

(१) नगरपालिकाले स्थानीयस्तरमा सञ्चालित चिकित्साकीय उत्पादन र स्वास्थ्य सेवाहरुको न्यूनतम मूल्य र गुणस्तर निर्धारण गर्न सक्नेछ। स्थानीय स्वास्थ्य सेवा अनुगमन समिति मार्फत निर्धारित गुणस्तर र मूल्य भए नभएको अनुगमन गरि सो अनुरुप कार्य गराउन निर्देशन दिने छ।

## ३७. सामाजिक सुरक्षा कार्यक्रम संचालन तथा व्यवस्थापन

(१) नगरपालिकाले राष्ट्रिय र प्रादेशिक नीति अनुसार स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न आवश्यक सहजिकरण, जनचेतनाका कार्यक्रम तथा अभियानहरु संचालन तथा व्यवस्थापन गर्नेछ।

(२) आबश्यकता अनुसार अन्य सामाजिक सुरक्षा कार्यक्रमहरु निमाण गरि संचालन तथा व्यवस्थापन गर्नुपर्नेछ।

## ३८. सरसफाई र स्वच्छताका लागि अनुगमन तथा नियमन

(१) स्वस्थ खानेपानी र खाद्यपदार्थको गुणस्तर एवं वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गर्न नगरपालिका स्वास्थ्य सेवा समन्वय समितिले आवश्यक सञ्चालन अनुगमन नियमनको ब्यवस्था मिलाउने छ।

(२) प्रदुषण वढाउने उद्योग, संस्थान वा ब्यक्तिलाई सो सम्वन्धी सचेत गराउन र सो बाट पर्न जाने हानी नोक्सानीको क्षतिपूर्ति गराउन सिफारिस गर्न सक्ने छ।

(३) सिफारिस वमोजिम स्थानीय कार्यपालिकाले दण्ड, जरिवाना तथा अन्य कारवाही सम्बन्धी व्यवस्था मिलाउन सक्नेछ।

# परिच्छेद १०

# महामारी रोगथाम, फोहोरमैला व्यवस्थाप सम्बन्धी व्यवस्था

## ३९. रोग तथा रोगीहरुको अभिलेख राख्नु पर्ने

(१) स्थानीय स्तरमा कुनै नागरिकलाई सरुवा रोग लागेमा सो को जानकारी २४ घण्टा भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(२) कसैलाई नसर्ने रोग लागेमा सो को जानकारी ५ दिन भित्र नजिकको सामुदायीक स्वास्थ्य संस्था वा स्वास्थ्य स्वयंसेविकालाई टिपोट गराउनु पर्नेछ।

(३) टिपोट गराइएका रोगीहरुको विवरण सम्वन्धित स्वास्थ्य संस्थाहरुले माशिक रुपमा वडा समिति र नगरपालिकाको स्वास्थ्य सूचना प्रणालीमा दाखिला गराउनु पर्नेछ।

## ४०. महामारी रोकथाम तथा नियन्त्रण गर्न अभियान संचालन गर्नुपन

(१) स्थानीय स्तरमा रोगको महामारी फैलिएमा नगरपालिकाले सोको प्रभाव क्षेत्र निर्क्यौल गरी विद्यालयहरु वन्द गर्न, अस्थायी रुपमा वस्ती खाली गर्न वा अन्यत्रका सर्वसाधारणलाई भ्रमणमा प्रतिवन्ध समेत लगाउन सक्नेछ।

(२) यस्तो परिस्थितीमा महामारीबाट थप क्षती हुन नदिन आवश्यक शर्तकता अपनाउने, आवश्यक जनशक्ति परिचालन गर्ने र थप जनशक्तिको लागि छिमेकी स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारमा अनुरोध गरी प्रभावकारी परिचालन गर्नुपर्नेछ ।

**४१. सूर्ती, मदिरा तथा सुर्तीजन्य पदार्थको नियमन**

(१) सुर्ती तथा मदिराजन्य पदार्थ विक्री वितरणको लागि नगरपालिकाबाट छुट्टै अनुमती लिनु पर्नेछ ।

(२) खाद्य पदार्थ विक्रि गर्ने पसलमा सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गर्न बन्देज लगाइने छ

(३) सुर्ती, मदिरा र लागू पदार्थजन्य वस्तुको विक्री वितरण र प्रयोगमा नियन्त्रण गर्न निशेधित र खुल्ला क्षेत्रहरु तोक्न सक्नेछ । विद्यालय, सरकारी कार्यालय, हाटवजार जस्ता क्षेत्रहरुको निश्चित दुरी भित्र धुम्रपान र मदिरापान निषेध गर्नेछ ।

(४) खाद्य पदार्थसँगै सुर्ती तथा मदिराजन्य पदार्थ विक्रि वितरण गरेमा, निषेधित क्षेत्रमा धुम्रपान र मदिरा सेवन गरेमा स्थानीय प्रशासनको सहयोगमा नगरपालिकाले कारवाही गर्न सक्नेछ ।

**४२. सरसफाइ सम्बन्धि कार्यक्रम तथा फोहोर मैला व्यवस्थापन**

(१) नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले व्यक्तिगत, घरेलु तथा सामुदायिक सरसफाईका मापदण्ड तयार गरी प्रत्येक आर्थिक वर्षको पहिलो महिना भित्र कार्यपालिका वैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

(२) यसरी अनुमोदन भएको मापदण्डलाई वडा कार्यालय र स्वास्थ्य संस्थाले पुरुष अभियानकर्ता र महिला स्वयंसेविकाहरु परिचालन गरि सवै घरपरिवारसम्म वितरण गर्नेछन्।

(३) घर निमार्ण गर्दा शौचालयको फोहर व्यवस्थापन गर्ने विधि र घरेलु फोहर बिसर्जन गर्ने स्थानको अनिवार्य ब्यवस्था भएको हुनुपर्ने छ ।

(४) एक परिवारको सौचालय, ढल र फोहरमैला व्यवस्थित नभएको कारण अर्को परिवारमा हानी नोक्सानी पर्न गएमा सो को क्षतिपूर्ति हानी पुर्‍याउने परिवारले तिर्नुपर्ने छ ।

(५) शहरी तथा अर्ध शहरी क्षेत्रमा निस्कासित फोहरमैला वातावरण मैत्री तरिकाले पुनप्रयोग गरि कम्पोष्ट मल बनाइएको अवस्थामा नगर कार्यपालिकाले प्रोत्साहन रकम प्रदान गर्न सक्ने छ ।

## परिच्छेद ११

## एम्बुलेन्स सञ्चालन व्यवस्थापन

**४३. नगरपालिकाले एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्ने**

(१) नगरपालिकाले आफु अन्तरगत रहेको स्वास्थ्य संस्था वा नगरकार्यपालिका स्वास्थ्य शाखा मार्फत एम्बुलेन्स सेवा सञ्चनलन गर्न सक्नेछ ।

(२) नगरपालिकाले एम्बुलेन्स सेवा सञ्चनलन गर्न आवश्यक श्रोत साधनको उचित प्रवन्ध गर्न सक्नेछ ।

(३) नगरपालिकाले आफु अन्तरगत रहेको स्वास्थ्य संस्था मार्फत एम्बुलेन्स सेवा सञ्चनलन गर्दा देहाय वमोजिमको एम्बुलेन्स सेवा सञ्चनलन समिति वनाई सो समिति मार्फत आवश्यक व्यवस्थापन गर्ने, गराईने छ ।

| | |
|---|---|
| (क) नगरपालिका प्रमुख | -संरक्षक |
| (ख) नगरपालिका प्रमुखले तोकेको सामाजिक व्यक्तित्व | -संयोजक |
| (ग) सम्वन्धित वडा समितिले आफु मध्य तोकेको १ जना | -सदस्य |
| (घ) कार्यपालिका महिला सदस्य मध्य नगर प्रमुखले तोकेको एक जना | -संदस्य |
| (ङ) चन्दा दाता, समाजसेवि मध्य प्रमुखको सिफारिशमा समितिले मनेनित गरेको कम्तीमा एक महिला सहित वढीमा तिन जना | -संदस्य |
| (च) स्म्वन्धित स्वास्थ्य संस्था प्रमुख/स्वास्थ्य शाखा प्रमुख | -संदस्य सचिव |

(४) एम्बुलेन्स सेवा सञ्चनलन समितिकोकार्यकाल दुई वर्षको हुनेछ ।

(५) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा एक महिना अगावै नयाँ समिति गठन गरी बहालवाला समितिले पदभार हस्तान्तरण गर्नु पर्नेछ ।

(६) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४४. एम्बुलेन्स सेवा सञ्चनलन समितिको काम, कर्तव्य र अधिकार**

(१) एम्बुलेन्स सेवा सञ्चनलन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) एम्बुलेन्स सेवा भरपर्दो र व्यवस्थित सञ्चालनकोलागि श्रोत साधनको पहिचान संकलन तथा प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) एम्बुलेन्स तथा प्रप्त श्रोत साधनकोलगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गर्ने,

(घ) नगरपालिकाको नीति निर्देशन अनुसार एम्बुलेन्स सेवा सञ्चालन गराउने,

(ङ) प्रचलित कानून, नगरपालिकालेजारी गरेका र स्वास्थ्य सेवा समन्वय समितिले दिएका निर्देशनहरूको पालना गर्ने, (च) एम्बुलेन्स सेवामा सवैले उचित र सरल तथा सहज सेवा पाउने वातावरण कायम राख्ने,

(छ) समितिको आय व्यय सहितको वार्षिक प्रगती प्रतिवेदन बनाई सम्बन्धित वडा समिति मार्फत नगरपालिकामा पेश गर्ने ।

(ज) व्यवस्थापन समितिको नियमित बैंठक गर्ने, एम्बुलेन्स सेवा सञ्चनलनमा परेको समस्याहरुको समाधानमा आवश्यक कार्य गर्ने ।

(झ) आवधिक रुपमा भाडा तोक्न गाउपालिकामा सिफारिश गर्ने र प्राप्त निर्देशनका आधारमा कार्यान्वयन गर्ने गराउने ।

(२) एम्बुलेन्स सेवा सञ्चनलन समितिका अन्य काम, कर्तव्य अधिकार र बैठक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

**४५. अन्य संघ संस्था निकायले एम्बुलेन्स सेवा सञ्चालन गर्न सक्ने -**

१) नगरपालिका भित्रका कुनैपनि निकायले प्रचलित कानूनको अधिनमा रही नगरपालिकाको स्विकृती/सिफारिशमा एम्बुलेन्स सेवा सञ्चनलन गर्न सक्नेछ ।

(२) एम्बुलेन्स सेवा सञ्चालन व्यवस्थापन गर्दा प्रचलित कानून र नगरपालिकाले तोकेको मापदण्ड पुरा गर्नु पर्नेछ ।

(३) एम्वुलेन्स सेवा दिदा लिईने सेवा शुल्क दस्तुर प्रचलित कानून र नगरपालिकाको स्विकृती पश्चात मात्र लागु हुनेछ ।

(४) एम्वुलेन्स सेवा सञ्चालन गर्दा पाउने सेवा सुविधा तथा नियमन सम्वन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद ७
## विविध

**४६. प्राईभेट मेडिकल कलेज, अध्ययन संस्थान र ठूला अस्पताल सञ्चालनका लागि सिफारिश**

१. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप निजीस्तरमा मेडिकल कलेज तथा स्वास्थ्य अध्ययन संस्थान, अस्पताल तथा निदान केन्द स्थापनाका लागि सम्वन्धित वडा र नगरपालिकाबाट सिफरिश लिनुपर्ने छ ।

(२) उपदाफा (१) बमोजिमको सिफारिस लिँदा वातावरणीय प्रभाव अध्ययन गरी स्थानीय स्तरमा पर्ने नकारात्मक प्रभावहरुको न्यूनिकरणका लागि कार्यक्रम र वजेट प्रस्ताव गरिएको हुनुपर्नेछ ।

(३) सिफारिसका लागि नगरपालिका आर्थिक ऐनले तोके वमोजिमको राजश्व दस्तुर बुझाउनु पर्नेछ .

**४७. राष्ट्रिय तथा प्रादेशिक अभियानलाई सघाउ पुऱ्याउनु पर्नेः**

स्वास्थ्य सेवा सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय मापदण्ड पुरा गर्न संघीय तथा प्रदेश सरकारले संचालन गरेको अभियानलाई नगरपालिका स्वास्थ्य तथा सरसफाई शाखाले समन्वय गर्ने छ ।

**४८. सुरक्षित क्षेत्रको रुपमा कायम गर्नु पर्नेः**

(१) स्वास्थ्य संस्थामा स्वतन्त्र र भयरहित रुपमा उपचार तथा सेवा पाउने वातावरण सिर्जना गर्न तथा कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी सुरक्षित क्षेत्र कायम गर्नु सवैको कर्तव्य हनेछ ।

(२) उपदफा (१) बमोजिम सुरक्षित क्षेत्र कायम गर्दा स्वास्थ्य संस्थाले पालना गर्नु पर्ने सर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछन्।

(३) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवामा लिङ्ग, धर्म, वर्ण, जात, वर्ग आदिको आधारमा भेदभाव एवं दुर्व्यवहार दण्डनिय हुर्नेछ । भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

(४) कुनैपनि स्वास्थ्य संस्थामा उपचार तथा सेवा दिदा सेवा लिनेको व्यक्तिगत गोपनियताको हक सुरक्षित गराउनु सम्वन्धित स्वास्थ्य संस्था र कार्यरत स्वास्थ्यकर्मीको कर्तव्य हुर्नेछ । व्यक्तिगत गोपनियताको हक सुरक्षित नभएको वा कुनैपनि बहानामा अन्यथा भए गरेको पाइए प्रचलित कानून वमोजिम कारवाही हुनेछ ।

**४९. प्रगति विवरण बुझाउनु पर्नेः**

(१) नगरपालिकाको स्वामित्वका स्वास्थ्य संस्थाले माशिक, चौमाशिक अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(२) नीजि स्वामित्वका स्वास्थ्य संस्थाले मासिक रुपमा प्रतिवेदन पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) (२) मा जेसुकै उल्लेख भएपनि नगरपालिकाको तथा सम्वन्धित निकायले माग गरेको अवस्थामा वा कुनैपनि समयमा तोकिएका विवरणहरु माग गर्ने निकायमा पेश गर्नु सम्वन्धित संस्थाको जिम्वेवारी हुनेछ ।

**५०. दण्ड सजायः**

१) कसैले सरकारी, समुदायिक, सार्वजनिक गुठीको स्वामित्वमा सञ्चालित स्वास्थ्य संस्था तथा स्वास्थ्य सेवा व्यावशायको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई नगरपालिका स्वास्थ्य सेवा समन्वय समितिको सिफारीसमा कार्यपालिकाले बिगो असुल गरी बिगो बमोजिम जरिवाना गर्नसक्नेछ ।

२) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुऱ्याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी कानूनले तोके बमोजिम सजाय हुनेछ :-

(क) उपचार, सेवा र सेवा संग सम्वन्धित विषयको व्यक्तिगत गोपनियता भङ्ग गरेमा,

(ख) स्वास्थ्य परीक्षण उपचार तथा सेवा दिदा लापरवाही, विभेद वा गैर जिम्मेवारीपूर्ण कार्य गरेमा,

(ग) उपचारमा नियत राखी दुख दिएमा, अमर्यादित कार्य गरेमा,

(घ) कानून विपरितका अन्य कार्य गरेमा ।

**५१. पुनरावेदनः** नगरपालिकाको तथा तोकिएको अधिकारीले गरेको सजायको आदेश उपर कानून बमोजिम पुनरावेदन लाग्नेछ ।

५२. आमा समूह, धामी झाक्री र आम्ची सेवाको अभिलेख अद्यावधिक गरी तिनीहरुको क्रियाकलापलाई स्वास्थ्य तथा सरसफाई शाखाले अनुगमन र नियमन गर्नेछ ।

५३. नगरपालिका क्षेत्र भित्र कार्यरत स्वास्थ्य र सरसफाई सम्बन्धी संस्थाहरुले आफ्नो प्रगति विवरण त्रैमासिक रुपमा नगरपालिका समक्ष बुझाउनु पर्नेछ ।

५४. नगरपालिकाले आधारभूत स्वास्थ्य तथा सरसफाई सेवा प्रदान गर्नका लागि अन्य सरकारी निकाय, निजी व्यवसायी, सामाजिक संघ/संस्था, ट्रष्ट र व्यक्तिहरुसँग बिभिन्न कार्यहरुका लागि साझेदारी गर्न सक्ने छ र तिनीहरुबाट औषधी, उपकरण, विशेषज्ञ सीपहरुको सहायता प्राप्त गर्न सक्नेछ ।

**५५. नियम बनाउने अधिकारः**

(१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न गराउन कार्यपालिकाले आवश्यक व्यवस्थाहरु सहित स्वास्थ्य सेवा नियमावली बनाउन सक्नेछ ।

(२) यस ऐनको कार्यान्वयनकालागि नगरपालिका स्वास्थ्य सेवा समन्वय समितिले आवश्यक निर्देशिका तथा कार्यविधि बनाई लागु गर्नसक्नेछ ।

(३) कार्यपालिकाले समग्र स्वास्थ्य क्षेत्रको व्यवस्थापन वा कुनै विशेष विषयलाई लिएर विशेष निर्देशन जारी गर्नसक्नेछ ।

५६. संक्रमणकालीन व्यवस्थाः यस ऐनले तोकिएको तथा तोकिए बमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआएसम्म कार्यपालिकाले गर्नसक्नेछ ।

५७. बाधा अडकाउ फुकाउने अधिकारः यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा अड्काउ परेमा कार्यपालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्नसक्नेछ ।

**५८. बचाउ र लागु नहुनेः**

(१) यो ऐन र अन्तर्गत बनेका नियमावलीमा लेखिएजति कुरामा सोही बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

(२) संघीय र प्रादेशिक कानूनसँग बाझिन गएमा बझिन गएका यस ऐनका दफा र उपदफाहरू बाझिएको हदसम्म स्वतः खारेज हुनेछ ।

**५९. यसै अनुसार हुनेः**

(१) यसअघि भए गरेका काम कारवाहीहरु यसै ऐन अनुसार भएको मानिनेछ ।

(२) यसअघि कानून बमोजिम नियुक्त स्वास्थ्यकर्मी, कर्मचारी स्वयमसेवकहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन । तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय कार्यवाही गर्न बाधा पर्नेछैन ।

आज्ञालेः
नामः श्री श्याम प्रसाद यादव
पदः नि.प्रमुख प्रशासकीय अधिकृत
मितिः २०७८।०२।२५गते ।